# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं फाल्गुन ९ गते २०१४ साल [अतिरिक्ताङ्क १३

## कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ महाराजाधिराजबाट बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारण जनताको जानकारीको लागि प्रकाशित गरिएको छ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत ओजस्विराजन्य प्रोज्ज्वल नेपालतारा अतिओजस्वी त्रिभुवन-प्रजातन्त्र-श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जंगबहादुर शाह बहादुर शमशेर जंगदेवानाम् सदा समरविजयिनाम्।

२०१४ सालको ऐन नं. १८

## विकाश समिति ऐनलाई संशोधन गर्ने ऐन

विकाश समिति ऐन, २०१३ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न आवश्यक परेकोले श्री ५ महाराजाधिराजबाट यो ऐन बनाई जारी गरिबक्सेको छ।



६०७

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भः— (१) यस ऐनको नाम–"विकाश समिति (दोस्रो संशोधन ) ऐन, २०१४" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा ५ मा संशोधनः— (१) मूल ऐनको दफा ५ को उपदफा (३) को सट्टा निम्नलिखित उपदफा (३) राखिएको छः—

(३) समितिले आफूले बनाएको नियममा तोकिएको कार्यक्रम र कार्य-प्रणालीबमोजिम काम गर्नेछ र सोहीबमोजिम हिसाब किताब पनि राख्नेछ।

तर दफा ३ अन्तर्गत समिति गठन गर्नेको निमित्त निकालिएको आदेशमा लेखिएमा समितिले बनाएका ती नियममा सरकारको स्वीकृति लिनुपर्नेछ।

(२) मूल ऐनको दफा ५ को उपदफा (३) पछि निम्नलिखित उपदफा (४) थपिएको छः—

(४) समितिको हिसाब किताब सरकारबाट तोकिएको व्यक्तिले जाँच्नेछ।

३. मूल ऐनमा नयाँ दफा थप्ने:- मूल ऐनको दफा ८ लाई दफा १० गरी निम्नलिखित दफा ९ थपिएको छ:—

९. मध्यस्थद्वारा झगडाको निर्णय हुनेः— (१) समितिसँग भएको कुनै सम्झौता र त्यसलाई कार्यान्वित गर्ने कुराका सम्बन्धमा उठ्ने झगडालाई निर्णयको लागि मध्यस्थछेउ पठाउनुपर्ने गरी सो सम्झौतामा व्यवस्था भएकोमा सोही सम्झौता अनुसार नियुक्त भएको मध्यस्थले त्यस्तो झगडाको निर्णय गर्नेछ र त्यस्तो झगडालाई हेर्ने र छिन्ने अधिकार कुनै अदालतला हुनेछैन।

(२) निर्णयको लागि उपदफा (१) अन्तर्गत मध्यस्थछेउ पठाइएको झगडाको सम्बन्धमा साक्षी प्रमाण बुझ्ने, साक्षीहरूलाई उपस्थित गराउने र लिखतहरू पेश गराउने अधिकार निजलाई हुनेछ।

(३) मध्यस्थको निर्णय अन्तिम हुनेछ र दुवै पक्षहरूउपर मान्य हुनेछ।

तर सर्काे पर्ने पक्षको निवेदन परेमा सर्वोच्च अदालतले देहायका अवस्थामा सो निर्णयलाई रद्द गर्न सक्नेछः—

६०२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) मध्यस्थले निर्णय गर्दा अनुचित आचरण देखाएको, वा खाम बद्नियत देखिने गरी बेठिक निर्णय गरेको वा मनमानी गरेको भन्ने स्पष्ट देखिन आएमा, वा

(ख) मध्यस्थको निर्णय सरासर कानूनविरुद्ध भएमा।

(४) त्यस्ता निर्णयलाई सर्वोच्च अदालतबाट रद्द गरिएको खंडमा झगडालाई निर्णयका निमित्त प्रधान न्यायाधीशबाट नियुक्त अर्को मध्यस्थ छेउ पठाइनेछ।

(५) मध्यस्थद्वारा भएको निर्णयलाई सरकारबाट तोकिएको तहसिल वा तहसिलको काम गर्न अड्डाले तोकिएबमोजिम कार्यान्वित गर्नेछ।

(६) यस दफाको उद्देश्य कार्यान्वित गर्न सरकारले नियम बनाउन सक्नेछ।

लालमोहर सदर मिति २०१४ साल फाल्गुन २ गते रोज ५ शुभम्.

आज्ञाले—

नयनबहादुर खत्री क्षेत्री,

सेक्रेटरी—कानून तथा संसदीय प्रबन्ध सचिवालय.

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर, प्रेमराज शर्मा।

६०३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

६०४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।